Vol. 9, No. 2, 2023 (December) 67–73
**The Journal of Knowledge and Innovation**
ISSN 2350-8884 (Print)

**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# प्रतिकूलता कथामा सीमान्तीयता

**माया घिमिरे**
राममणि बहुमुखी क्याम्पस, रुपन्देही

Email: ghimiremaya26@gmail.com

## लेखसार

प्रस्तुत लेख पारिजातको प्रतिकूलता कथाको सीमान्तीयता विश्लेषणमा केन्द्रित छ । यस लेखमा सामग्रीको सङ्कलन पुस्तकालयीय पद्धतिबाट भएको छ भने विश्लेषणको लगि पाठविश्लेषणमा आधारित गुणात्मक पद्धतिको उपयोग भएको छ । पारिभाषिक दृष्टिले सीमान्त, सीमान्तीय र सीमान्तीयता सदियौँदेखि इतिहासविहीन भएका वा बनाइएका समाजका किनारामा रहेका आवाजविहीन तथा अधिकारविहीन समुदाय नै हुन् । सीमान्तीयता एउटा बृहत् छाता शब्द हो । सीमान्तीयताका दृष्टिले अध्ययनीय प्रतिकूलता कथामा विचारधारात्मक रूपले हेर्दा एकभन्दा बढी विचारको बहुलता छ । यस कथाभित्र सबै प्रकारका विभेदहरूका कारण किनारीकृत हुन पुगेका सबै शोषित, पीडितहरू अटाउन सक्ने भए पनि यो लेख प्रस्तुत कथामा सीमान्तीय वर्गको वर्गीय, लैङ्गिक र जातीय अवस्थाको प्रतिनिधित्वको पहिचान गरी समाजमा उनीहरूको स्थान, प्रभुत्व, प्रतिरोध र विचारधाराको अवस्थाको विश्लेषणमा केन्द्रित छ । यस कथामा लैङ्गिक दृष्टिले पितृसत्ता (पुरूष) को, वर्गीय दृष्टिले शासक वर्गको र जातीय दृष्टिले नछुट्टिए पनि उच्च सांस्कृतिक जातिको प्रभुत्व रहेको छ । प्रत्यक्ष रूपमा नारी पात्रहरूको मात्र उपस्थिति रहेको यस कथामा केही सीमान्तीय पात्रमा प्रतिरोधको भावना रहेको यस लेखमा प्रस्तुत कृति लेखकीय विचारधारा सीमान्तमैत्री रहेको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी:**
प्रभुत्व, पितृसत्ता,अधीनस्थ, प्रतिनिधित्व, किनारीकृत

**Article information**
Manuscript received: August 10, 2023; Accepted: November 21, 2023
DOI https://doi.org/10.3126/jki.v9i2.55138
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

प्रस्तुत लेख "प्रतिकूलता" कथामा सीमान्तीय अध्ययनको विश्लेषणमा केन्द्रित छ । प्रस्तुत कथाकी रचयिता पारिजात (१९९४-२०५०) ले नेपाली साहित्यको कविता, आख्यान, निबन्ध र नाटक विधामा कलम चलाएकी छन् । प्रस्तुत कथाकी रचयिता २०१३ सालमा धरती पत्रिकामा "आकाङ्क्षा" शीर्षकको कविता प्रकाशन गरी नेपाली साहित्यमा सार्वजनिक भएकी हुन् (शर्मा, २०७५, पृ. ३१४) । पारिजातको पहिलो कथा "मैले नजन्माएको छोरो" रचना, ३(१), (२०२१) हो । उनका आदिम देश (२०२५), सडक र प्रतिभा (२०३२), साल्गीको बलात्कृत आँसु (२०४२) र बधशाला जाँदाआउँदा (२०४९) जस्ता चारवटा कथासङ्ग्रह प्रकाशित छन् । कथाकार पारिजातको कथायात्रा अस्तित्ववादी चिन्तनबाट प्रारम्भ भएको हो । यिनका पूर्वार्द्ध चरणका दुई कथासङ्ग्रहमा सङ्कलित सबैजसो कथामा अस्तित्ववादी विसङ्गतिवादी चिन्तनको प्रभाव पाइन्छ भने पछिल्ला दुई कथासङ्ग्रहका अधिकांश कथामा प्रगतिवादी वैचारिक चिन्तनमा अस्तित्ववाद अन्तर्निहित भएर आएको छ (अधिकारी, २०७५, पृ ३८०) । यसलाई आधार मानी उनको कथायात्रालाई पूर्वार्द्ध र उत्तरार्ध गरी दुई चरणमा बाँडेर अध्ययन भएका छन् ।

पारिजातका कथा कथागत प्राप्तिका दृष्टिले पात्रका जीवनका कुण्ठा, एकाकीपन, पलायन, निरर्थकता र वितृष्णा बोधजस्ता विकृतिको चित्रणमै यस चरणका कथाहरू केन्द्रित छन् । कतिपय कथामा यौन स्वतन्त्रताको चाहना, सामाजिक मूल्यमान्यता र मानवतादी आर्दशको विरोध जस्ता प्रवृत्ति पनि पाइन्छन् । पारिजातको पछिल्लो चरणको मूल प्रवृत्ति भने समाजवादी यथार्थवाद नै हो । मार्क्सवादबाट प्रभावित पारिजातका कथा पूँजीवादी समाजका आर्थिक असमानता, शोषण र गरिबीका विरूद्ध विद्रोही बनेका छन् । वास्तवमा भन्ने हो भने कुरीति एवम् कुसंस्कारले

बिगारेका समाजमा नयाँ विचार र जागरणको लहर ल्याउन यिनका कथा सहयोगी बनेका छन् । रूढिवादी समाजिक कुसंस्कार, सामन्ती शोषण, आडम्बर आदिको विरोध गर्दै वर्ग द्वन्द्व र आलोचनात्मकतालाई महत्त्व दिनु उनको यस चरणको प्रवृत्ति हो (श्रेष्ठ, २०७०, पृ.१७७) । उनका पहिलो चरणका कथाका तुलनामा दोस्रो चरणका कथामा विद्रोही स्वर प्रखर बनेर अभिव्यञ्जित भएको छ । निम्नवर्गीय मानिसका विवशता, यौनशोषण, चेलीबेटी बेचबिखन, यौनवृत्तिबाट जीविकोपार्जन जस्ता विषयलाई कथाको अन्तर्वस्तु बनाउने पारिजातले कथामार्फत् सामाजिक परिवर्तनको चाहना पनि राख्छिन् (लुइटेल, २०७५, पृ. ७२) । पारिजातका पछिल्लो चरणका अधिकांश कथामा प्रायः निम्नवर्गीय पात्रहरू सीमान्तीकृत भएका छन् । कोही गाउँका सामन्तबाट बेचिएका छन्, कोही श्रमको मूल्य नपाएर भौतारिएका छन् त कोही यौनव्यापार तथा वेश्यावृत्तितर्फ धकेलिएको छन् भने कोही बलात्कृत भई अस्तीत्वविहीन अवस्थामा बाँचेका छन् । मूलभूत रूपमा पारिजातका कथामा वर्गीय, जातीय, लिङ्गीय, भौगोलिक दृष्टिले सीमान्तीकृत बन्न पुगेका पात्रहरूको चित्रण र प्रस्तुति पाइन्छ ।

पारिजातका उत्तरार्ध चरणका कथा सीमान्तीय अध्ययनका दृष्टिले अध्ययनीय छन् । यस "प्रतिकूलता" कथामा पनि सीमान्तीय पात्रको उत्पीडित अवस्था केन्द्रीय विषय हो । कथाकारको कथालेखनको उत्तरवर्ती चरणको विभत्स र विसङ्गत नारी जीवनको भोगाइमा आधारित यो कथो साल्गीको बलात्कृत आँसु (२०४४) कथासङ्ग्रहमा सङ्कलित छ । यो कथा सांस्कृतिक अध्ययनका बहुआयामिक सिद्धान्तका आधारमा अध्ययन गर्नसकिने आधार भए पनि यो लेख प्रतिनिधित्व र शक्ति सम्बन्धलाई केन्द्रमा राखी लिङ्गीय, वर्गीय, जातीय, सन्दर्भबाट गरिने विश्लेषणमा केन्द्रित छ । यस कथामा पितृसत्ताका कारण नारी पात्रहरू अधीनस्थ भएका छन् । यस लेखमा तिनै अधीनस्थ आवाजविहीन सीमान्तीय पात्रलाई किन र कसरी किनारामा पुर्‍याइएको छ भन्ने विषयलाई सीमान्तीयताका आधारमा अध्ययन तथा विश्लेषण भएको छ । यस लेखमा सामाजिक संरचनागत प्रतिनिधित्व र पहिचानका साथै प्रभुत्वको अवस्था, विचारधारा र प्रतिरोधको अवसर पनि सान्दर्भिक रूपमा विश्लेषण गर्नका लागि कथामा अभिव्यक्त सीमान्तीयता मुख्य समस्याका रूपमा चयन भएको छ ।

## समस्याकथन

पारिजातका कथालाई सांस्कृतिक अध्ययनका विभिन्न मानकका आधारमा अध्ययन तथा विश्लेषण गर्न सकिने भए पनि यस अध्ययनमा कथामा सामन्तवादी सत्ताको दमनकारी नीतिका कारण कथाका पात्रहरू के कस्तो अवस्थामा कसरी किनारीकृत हुन पुगेका छन् भन्ने विषयमाकेन्द्रितभई अध्ययन तथा विश्लेषण भएको छ । त्यसैले पारिजातको "प्रतिकूलता" कथामा सीमान्तीय अध्ययन शीर्षकको प्रस्तुत अध्ययनमा पारिजातको "प्रतिकूलता" कथाको सीमान्तीय अध्ययन मूल समस्याका रूपमा रहेको छ र यस अध्ययनमा मूल समस्यासँग सम्बन्धित भएर आउने शोध्य प्रश्नहरू यसप्रकार रहेका छन् -

(क) 'प्रतिकूलता' कथामा लिङ्गीय सीमान्तीयको अवस्था के कस्तो रहेको छ ?

(ख) 'प्रतिकूलता' कथामा वर्गीय सीमान्तीयलाई कसरी प्रस्तुत गरिएको छ ?

(ग) 'प्रतिकूलता' कथामा प्रभुत्व, प्रतिरोध र विचारधारालाई किन प्रस्तुत गरिएको छ ?

यो लेख "प्रतिकूलता" कथामा सीमान्तीय अध्ययनको विश्लेषण र अर्थापन गर्ने समाधानमा केन्द्रित छ । प्रस्तुत लेख सांस्कृतिक अध्ययनअन्तर्गतको सीमान्तीय अध्ययनका साथै तद्विषयक प्रायोगिक पक्षको प्राज्ञिक औचित्य पुष्टि गर्ने उद्देश्यमा केन्द्रित छ । कथामा सीमान्तीय अध्ययन र त्यसमा पनि लिङ्गीय, वर्गीय, प्रभुत्व, प्रतिरोध र विचारधाराको सैद्धान्तिक पक्षका आधारमा विश्लेषण गरिने यस लेखले "प्रतिकूलता" कथाका माध्यमबाट भावी अध्येताका लागि मार्गनिर्देश गर्ने प्राज्ञिक उद्देश्यको परिपूर्ति गरेको छ । "प्रतिकूलता" कथाको सीमान्तीय अध्ययनमा केन्द्रित हुनु यस लेखको क्षेत्र हो भने अन्य यसको विषयगत सीमाङ्कन हो ।

## अध्ययनविधि

प्रस्तुत लेखमा उठेका शोध्य समस्याको तथ्यपूर्ण, वस्तुनिष्ठ र प्रामाणिक समाधान गुणात्मक अनुसन्धान विधिमा भएको छ भने सामग्री सङ्कलन गर्न प्राथमिक र द्वितीय गरी दुवै प्रकारका स्रोतको उपयोग भएको छ । प्राथमिक स्रोतको रूपमा पारिजातको "प्रतिकूलता" कथालाई आधार सामग्रीका रूपमा लिइएको छ भने द्वितीयक स्रोतअन्तर्गत सीमान्तीय चिन्तन र विश्लेषण कथासँग सम्बन्धित शोध तथा अनुसन्धानात्मक लेखरचना, पत्रपत्रिका, इन्टरनेटबाट प्राप्त सामग्रीको प्रयोग भएको छ । प्रस्तुत लेखमा समस्या समाधानका लागि सांस्कृतिक अध्ययन अन्तर्गतको सीमान्तीय अध्ययनको उपादेयता र यसको महत्त्व सैद्धान्तिक आधारको रूपमा प्रयोग भएको छ । गुणात्मक अनुसन्धान पद्धति र पाठ विश्लेषणकेन्द्री ढाँचामा तयार गरिने यो लेखको अर्थापन व्याख्यात्मक र विश्लेषणात्मक विधिमा केन्द्रित छ । यसका साथै लेखमा शोध्य समस्यासँग सम्बन्धित भई कथारचनाको पृष्ठभूमिको सन्दर्भसमेत विश्लेषणको आधार बनेको छ ।

## सैद्धान्तिक पर्याधार

सीमान्तीय अध्ययन सांस्कृतिक अध्ययन गर्ने महत्त्वपूर्ण आधार हो । यो उत्तरआधुनिकतावादी बहुलताभित्र फस्टाउँदै गएको एक नवीन चिन्तन हो । शक्तिको खेलमा गतिशील समाजमा सत्तामा रहेका शक्तिसम्पन्न वर्गले आफूलाई केन्द्रमा राखेर समाजका सबै क्षेत्रका क्रियाकलापलाई नियन्त्रण र परिचालन गर्दा सत्ताको घेराभित्र नपरेका किनारीकृत समुदाय सीमान्तीय हुन् । सत्ता, शक्ति, वर्चस्व आधिपत्यमाथि एकाधिकार स्थापित गरी केन्द्रले किनारालाई कहिल्यै आफू समान हुन दिएन, परपरै पन्छाएर त्यो अह्रन, खटन, र आफ्नै योजना मात्र कार्यान्वित गरिरहन्छ (सुब्बा, सन् २०११, पृ.३) । सत्तामा रहेको उच्च वर्गले शक्तिका आधारमा सत्ताभन्दा बाहिर रहेको किनारीकृत वर्गलाई अधीनस्थ गरेका हुन्छ र आफू सत्तामा स्थापित भएको हुन्छ । उसले किनारालाई कहिल्यै केन्द्रीकृत हुने अवसर दिँदैन । केन्द्रले सँधै किनारीकृतलाई पछि पारेको हुन्छ । यिनै किनारीकृतको अवस्था र स्थितिको अध्ययन सीमान्तीय अध्ययनमा गरिन्छ । सीमान्तीय अध्ययन भनेको समाज, समाज विकासको ऐतिहासिकता, उत्पीडित वर्ग र उसको मुक्तिका बारेमा अध्ययन विश्लेषण र संश्लेषण गर्ने अर्थसित जोडिएको सन्दर्भ हो (बराल, २०७३, पृ. १७२) । यसले समाजमा हरेक हिसाबले तल्लो दर्जामा राखिएका र पछि पारिएका व्यक्ति, समूह, वा समुदायलाई बोध गराउनुको साथै केन्द्रले किनारामा पुर्‍याएका शक्तिहीन, स्थानहीन, इतिहासहीन, अधिकारहीन वर्गको प्रतिनिधित्वको अवस्था, उनीहरूको उत्पीडन, त्यसको कारण र अवस्थाको अध्ययन गर्दछ ।

सबाल्टर्नको नेपाली रूपान्तरण सीमान्तीय हो । सबाल्टर्न शब्द प्रचलित भएता पनि यसलाई नेपालीमा अवरजन पनि भनिन्छ (शर्मा, २०७०, पृ. ३१५) । सीमान्तीय शब्दको अर्थको लागि अधीनस्थ, अशक्त, आवाजहीन, इतिहासविहीन, उत्पीडित, उपेक्षित, पिछडाजस्ता शब्दको पनि प्रयोग गरिन्छ तापनि अधीनस्थ शब्दको प्रयोग व्यापक देखिन्छ । अङ्ग्रेजी शब्द सबाल्टर्नले आदिम कालदेखि शासित, आवाजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउँछ (श्रेष्ठ, २०६८, पृ. १) । यो तल्लो तह वा दर्जाको कुनै समूह ,समुदाय, वर्ग वा व्यक्ति हुन सक्छ । अझ यो जाति विशेष, लिङ्ग विशेष, भूगोल विशेष, क्षेत्र विशेष र राष्ट्र विशेष पनि हुनसक्छ । युगौंदेखि इतिहासका पानाबाट बाहिर फ्याँकिएको सबाल्टर्न वर्गको आफ्नै इतिहास लेखन गर्ने उद्देश्यले सन् १९८२ देखि दक्षिण एसियामा सबाल्टर्न अध्ययन अभियानका रूपमा आएको हो (श्रेष्ठ, २०६८, पृ. २) । शब्द प्रयोगका दृष्टिले यसको प्रथम प्रयोग तापनि यो शब्द भने इटालीका चिन्तक आन्तोनियो ग्राम्चीले गरेका हुन् । ग्राम्चीले मुख्यतः प्रभुता र प्रभुत्वका सन्दर्भबाट अवरजनलाई हेरेका छन् । उनले सीमान्तीयको मुक्तिको कुरा गरेका छन् । सबाल्टर्न शब्दलाई ग्राम्चीले शासित वर्गको वकालत गर्ने क्रममा हैकम र प्रभुत्वको अर्थसँग जोडेका छन् । उनका अनुसार जो सधै अधीनस्थ र पराधीन छन्, ती वर्ग नै सीमान्तीय हुन् (श्रेष्ठ, २०६८, पृ. १६) । सबाल्टर्न शब्दका प्रयोक्ता

ग्राम्चीले शासकबाट शासित भइरहन तयार भएको अवस्था हेजेमोनी हो र यसलाई राष्ट्रले आफ्ना विभिन्न किसिमका वैचारिकी मार्फत् शासित वर्गमाथि फैलाएको हुन्छ भनेका छन् । समाजमा शोषक र शोषित दुबै वर्ग रहने हुनाले सामाजिक संरचनामा दुबै वर्गको स्थानको संरचना भएको हुन्छ । त्यही संरचित स्थानबाट सबै वर्ग संचालित हुने हुँदा सबाल्टर्न वर्गको स्थान र अवस्थाका बारेमा धारणा बनाउन सकिन्छ । समाजमा एक वर्गीय रूपमा दमनकारी वर्गले दमन गर्ने क्रममा लिङ्गीय,जातीय र राष्ट्रिय विषयहरूमा आफू अनुकूल धार्मिक,सांस्कृतिक नियमहरूको निर्माण गर्ने र एकपक्षीय सत्तालाई बलियो बनाउने काम गरेको हुन्छ भन्ने कुरालाई ग्राम्चीले प्रभुत्वसम्बन्धी मान्यतामा अघि सारेका छन् (भट्टराई, २०७०, पृ. ३४४) । केन्द्रमा रहेको शक्तिले किनारामा रहेको शक्तिमाथि प्रभुत्व जमाउँदा उदियमान वा जैविक शक्तिले पनि आफ्नै किसिमको प्रभुत्वको निर्माण गर्छ । यसले किनारीकृत वर्गलाई प्रतिरोधी चेतना निर्माण गर्न उत्प्रेरित गर्छ । राज्यको शक्तिसम्म आफ्नो आवाज पुर्‍याउन नसक्ने ठूलो भिडबाट विस्थापित भएका सीमान्तीयहरू समय,सन्दर्भ र परिवेश, अनुसार विविध प्रकारका हुन्छन् । सीमान्तीय अध्ययनले राजनैतिक, सामाजिक, आर्थिक हरेक कोणबाट पछाडि पारिएका वा परेका आफ्ना हक र अधिकारका लागि सङ्गठित हुन नसकेका यस्ता सीमान्तीयहरूको जीवन र तिनका भोगाइलाई अध्ययनको विषयवस्तु बनाएको हुन्छ । सीमान्तीय अध्ययनमा उपेक्षित वर्गका मुद्दालाई केन्द्रमा राखेर निर्माण गरिएको सङ्कथनले बौद्धिक जगत्मा स्थान पाउन थालेपछि अहिले विश्वभर आवाजविहीन तथा इतिहासविहीन सबाल्टर्न वर्गको पक्ष र एकाधिकारवादी सम्भ्रान्तीय संरचनाका पृष्ठपोषणका विपक्षमा आवाज उठाउने यस सिद्धान्तको स्थापना सन् १९८० पछि किनारीकृतहरूको इतिहास लेखनको काम दक्षिण एसियाबाट भएको हो ।

परम्परित इतिहास लेखनपद्धतिलाई सबाल्टर्न अध्ययनले हस्तक्षेप गरेपछि टुप्पाबाट लेखिंदै आएको सीमित सम्भ्रान्तमैत्री कठोर तथा पूर्वाग्रही इतिहास लेखनका विकल्प वा प्रतिस्थापनको पक्षमा पनि आँधी उठेको हो । दबिएका र दबाइएका आवाजको खोजी गर्दै इतिहासविहीनहरूको इतिहास लेखन गर्ने मुद्दा नै सीमान्तीय अध्ययनको मुख्य उद्देश्य हो । विचारधारात्मक हिसाबले हेर्दा यसमा एकल भन्दा बढी विचारको बहुलता देखिन्छ । सीमान्तीय अध्ययनमा ग्राम्चीको प्रभुत्वसँग सम्बन्धित मान्यतालाई पनि आधार मानिन्छ । उनको प्रिजन नोटबुकमा उल्लेख गरिएको प्रभुत्वसम्बन्धी मान्यताको सारलाई ताराकान्त पाण्डे (२०७३) ले निम्नानुसार प्रस्तुत गरेका छन् – बिनाबल प्रयोग पनि समाजभित्रका विभिन्न वर्गलाई वर्चस्वले बाँधेको हुन्छ । यो त्यतिबेला प्राप्त हुन्छ जब उच्च वर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गर्छन् । यस्तो नेतृत्व प्राप्त गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गरिन्छ र एउटा साझा मान्यताको विकास गरिन्छ (पृ. ६४) । यसरी किनारीकृत वर्ग प्रभुत्वमा बाँधिदा परम्परामा अभ्यन्तरित भएकाले उनीहरूलाई बाँधिएको अनुभूति हुँदैन । यस्तो अवस्थामा सीमान्तीकृतले शोषित भएको, लुटिएको, ठगिएको थाहा पाउँदैनन् । परम्परागत मार्क्सवादबाट प्रभाव ग्रहण गरेर मार्क्सवादी स्पर्श दिने एउटा प्रवृति पनि सबाल्टर्नभित्र छ तर सँगसँगै यसलाई मार्क्सवादकै विकल्पका रूपमा प्रस्तुत गर्ने र खास गरी उत्तर आधुनिकतावादी तथा उत्तर संरचनावादी चिन्तनका आधारमा सबाल्टर्न अध्ययन गर्ने प्रवृति बलियो भएको छ । गायत्री चक्रवर्ती स्पिभाकले सीमान्तीयता मार्क्सवाद, नारीवादी साम्राज्यवाद र उत्तर औपनिवेशिक पुरुष हैकमको सन्दर्भसँग जोडेर साहित्यमा सीमान्तीयको सम्बन्ध गाँस्नमा गहन भूमिका खेलेको तथ्यसँग सम्बन्धित रहने अभिमा प्रस्तुत गर्दछिन् (श्रेष्ठ, २०६८, पृ.२९) । समकालीन सन्दर्भमा सीमान्तीयता उत्तरमार्क्सवादी कोणबाट सबाल्टर्न अध्ययन गर्ने प्रवृति पनि विकसित भएको छ । यसरी १९५० यता विकसित विभिन्न उत्तरआधुनिक दृष्टिकोणहरूको योग यसमा आवश्यकता अनुसार विभिन्न किसिमले गरिएको छ । यो मार्क्सवादी अध्ययनका समानान्तरमा र त्यसका विकल्पका रूपमा मार्क्सवादले महत्त्व दिएका र अध्ययनको विषय बनाइएका दमित, दलित, उत्पीडित, शासित वर्ग र समुदायकै बारेमा अध्ययन गर्ने इतिहासमा तिनको स्थान र मूल्य खोज्ने अभिप्राय बोकेर यो सिद्धान्त अगाडि बढेको छ ।

सीमान्तीय वर्गको अध्ययन वर्ग, लिङ्ग, जातिका आधारसँगै जीवनका हरेक कोणबाट गर्न सकिन्छ । पितृसत्तामा केन्द्रमा रहेको पुरुष अनुकूलको विधि, नीति र व्यवस्थाको निर्माण हुने हुनाले पुरुष पूर्ण, क्रियाशील, आँटी, शक्तिसम्पन्न, विवेकशील, सिर्जनशील प्राणीका रूपमा परिचित हुन्छ भने नारीलाई अपूर्ण,कमजोर, भिरू, पराश्रित, विवेकहीन, कायर भावुक अवला प्राणीका रूपमा चिनाइएको छ (सुब्बा, सन् २०११, पृ १२) सीमान्तीय अध्ययन जातिका आधारमा पनि गर्न सकिन्छ । बहुसङ्ख्यक र शक्तिसम्पन्न जातिले अल्पसङ्ख्यक कमजोर जातिलाई अपमान गर्ने, दबाउने, अधीनस्थ गर्ने र किनारामा पुर्‍याउने गर्छ । (सुब्बा, सन् २०११, पृ. १४) यसरी सीमान्तीय अध्ययनमा शक्तिसम्पन्न अभिजात वर्गसँग कमजोर निम्न वर्ग सधै प्रताडित भएको, दबिएको र दबाइएको हुन्छ, यो वर्ग किनाराको किनारामै रहेको हुन्छ । सीमान्तीकृत समुदायले भाषाका माध्यमबाट आफ्नो प्रतिनिधित्व आफै गर्छन् भन्ने मान्यता उत्तरसंरचनावादी मिसेल फुकोको रहेको छ भने यस सम्बन्धमा गायत्री चक्रवर्ती स्पिभाकको विचार फुकोको भन्दा फरक छ । उनले सीमान्तीकृत वर्ग आफ्ना बारेमा बोल्न सक्दैनन् र बोले पनि उनीहरूको आवाज प्रभावकारी बन्न सक्दैन । त्यसैले उनीहरूको प्रतिनिधित्व गर्ने बौद्धिक वर्ग उनीहरूको संवेदनामा सचेत हुनुपर्छ (उप्रेती, २०६९, पृ.२८२—८३) भन्दछिन् । स्पिभाकले शक्ति र प्रतिनिधित्वको मुद्दालाई नारीवादसँग जोडेर सीमान्तीय अध्ययन गरेकी छन् । सीमान्तीय अध्ययनमा पितृसत्ताको उत्पीडनबाट उत्पीडित वर्गले आफूमाथि भएको उत्पीडनका विरूद्ध कसरी विद्रोह गरेका छन् भन्ने कुराको अध्ययन पनि गरिन्छ । यस लेखमा कथामा अभिव्यक्त सत्ता र शक्तिको विषयलाई वर्गीय, लिङ्गीय, जातीय सीमान्तीयता, प्रभुत्व र लेखकीय विचारधाराको आधारमा तलका सन्दर्भमा विश्लेषण भएको छ ।

## सामाग्रीको विश्लेषण : प्राप्ति र छलफल

सदियौंदेखि इतिहासविहीन भएका वा बनाइएका समाजका किनारामा रहेका आवाजविहीन तथा अधिकारविहीन अधीनस्थ व्यक्ति वा समुदाय नै सीमान्तीय हुन् । पारिजातको प्रतिकूलता कथामा सीमान्तीयताको निरूपण हुने यस लेखमा सामग्रीको विश्लेषण तलका उपशीर्षकमा भएको छ ।

## प्रतिकूलता कथामा लिङ्गीय सीमान्तीयता

प्राकृतिक वा जीववैज्ञानिक व्यवस्थाका कारण भिन्न रहेको लिङ्गगत अवस्थालाई आधार मानेर पितृसत्तात्मक समाजमा नारी पात्रहरू किनारीकृत भएका हुन्छन् । समाजका हरेक क्षेत्रमा सत्ताको वर्चस्वका कारण पितृसत्ताले महिलालाई परनिर्भर, अधीनस्थ, कोमल, भावुक देख्छ । यस कथामा लिङ्गीय सीमान्तीयता सशक्त रूपमा अभिव्यञ्जित भएको छ । कथाका नारी पात्रहरूले नारी हुनाको कारण पितृसत्तात्मक सामन्तवादी समाजमा कलङ्कित भई शारीरिक र मानसिक पीडा भोग्न बाध्य भएका छन् । प्रत्यक्ष रूपमा नारी पात्रको मात्र प्रयोग गरिएको यस कथामा नाइकेनी, मर्यादा, मिट्ठु कार्की,मसिनी, घर्तिनी,मानसिक सन्तुलन बिग्रेकी महिला र महिला अधिकृत गरी ६ जना नारी पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये मसिनी घर्तिनी, मिठ्ठु कार्की, मर्यादा र मानसिक सन्तुलन बिग्रेकी महिला लिङ्गीय उत्पीडनको सिकार भएका छन् । यी पात्रहरू महिला हुनकै कारण जेलको नारकीय जीवन बिताउन बाध्य छन् ।

महिला भए पनि महिलाको पीडा नबुझ्ने नाइकेनी नारी उत्पीडक पात्रका रूपमा उपस्थित भएकी छ । यस कथाकी प्रमुख पात्र मसिनी सत्तासीन पितृसत्तात्मक निरङ्कुश शासनबाट, नाइकेनीबाट, सानीआमाबाट र आफ्नै दाजु भनाउँदो पुरूषबाट समेत उत्पीडित भएकी छ । यहाँ नाइकेनीले वास्तविक सत्यतथ्यलाई नबुझी पितृसत्ताकै पक्षपोषण गरेकी छ र मसिनी घर्तिनीमाथि धारिला शब्दहरू यसरी प्रस्तुत गरेकी छ : ‘‘तेरा पातरनी, अहिले तँलाई नुहाउन लाज । बैंस चढेको बेला हाडनाता चिनिनस् । कसो सुडेनीले ठहरै मारिन, भाग्य रहेछ र जेलको भात घिच्न आइपुगिस्’’ धारिला हँसियाजस्ता शब्दहरू सित्थैमा छर्दै नाइकेनी अघि बढ्छे (पारिजात, २०७३, पृ. १८७) । प्रस्तुत साक्ष्यमा सीमान्तीकृत पात्र मसिनी पुरूषबाट मात्र नभएर महिलाबाट पनि अपमानित

र तिरष्कृत भएकी छ, लिङ्गीय र वर्गीय दोहोरो शोषणमा परेकी छ । पितृसत्तामा महिला पुरुषबाट मात्र होइन महिलाबाट पनि उत्पीडित हुन्छन् भन्ने तथ्यलाई यस साक्ष्यमा आएको अभिव्यक्तिले पुष्टि गरेको छ । यहाँ नाइकेनीले बिनाकसुर जेल चलान भएकी मसिनीलाई तथानाम गाली गरेकी छ, अपमान गरेकी छ र घृणाले लज्जित तुल्याएकी छ । आफूले गल्ती नगर्दा पनि आफ्नी सानीआमाको छोराको बासना पूर्तिको साधन बन्दा ऊ गर्भिणी भएकी छ । पितृसत्तात्मक सामन्ती व्यवस्थाका कारण यस्तो अवस्थामा ऊ बोल्न सक्दिन र बोले पनि उसको आवाज सुनिँदैन । यस्तो अवस्थामा आवाजविहीन मसिनीलाई पितृसत्तात्मक सामन्ती व्यस्थाले जालझेल गरी जेल पुर्‍याइएको छ र सजाय भोग्न बाध्य पारेको छ । आफ्नो कसुरबिना जेल परेकी मसिनीको वास्तविक यथार्थलाई नबुझी गाली बेइज्जत गर्ने नाइकेनीले उसको चरित्रको विद्रुपीकरण गरेकी छ, लज्जित तुल्याएकी छ । सामन्तवादी समाजमा महिलाहरूले ज्ञानको अर्थ निर्धारण गर्न नसक्दा महिला नै महिलाबाट शोषित हुनु परेको बास्तविक यथार्थ अभिव्यक्त भएको छ । मसिनी घर्तिनीजस्ता इतिहासमा नाम नलेखिने र बोल्न पनि नसक्ने नारी पात्रहरू बारम्बार अपराधको अभियोगमा मुछिने कुरालाई उपर्युक्त साक्ष्यले पुष्टि गरेको छ । यहाँ नाइकेनीलाई उत्पीडन भोगेकी मसिनीको अवस्थाको भन्दा जेलको भातको चिन्ता रहेको भाव अभिव्यञ्जित भएको छ । पितृसत्तात्मक सामन्ती व्यवस्थामा महिलाहरूले कतिसम्म हिँसा, शोषण र उत्पीडन भोग्न बाध्य हुनुपर्थ्यो भन्ने तथ्यलाई मसिनिका मुखबाट यसरी अभिव्यक्त गरिएको छ :"दाज्युले भुँडी बोकाइदियो,पछि सुडेनीलाउँदा सानीआमाले थाहा पाई अनि मलाई थुनाइदिई (पृ.१८९) ।" यस साक्ष्यबाट के स्पष्ट हुन्छ भने मसिनी निर्दोष पात्रहो । यहाँ ऊ महिलापुरुष दुबैद्वारा उत्पीडित छ ।उसलाई आफ्नै सानिआमाको छोराले जबर्जस्ती यौन शोषण गरी पेट बोकाएको छ र सानीआमाले उसको पेटमा बच्चा भएको थाहा पाएपछि आफ्नो छोरालाई दोषमुक्त गराएर निर्दोष मसिनीलाई दोषी ठहर्‍याई जेल पुर्‍याएकी छ । यस्तो अवस्थामा ऊ सामाजिक, सांस्कृतिक मूल्यमान्यताका कारण बोल्न सकेकी छैन । दोषी पुरुष (दाजु) भागेको छ र सानीआमाले थाहा पाएर उसलाई जेल पुर्‍याएकी छ ।

नेपाली समाजमा विद्यमान पितृसत्तात्मक सामन्ती समाजव्यवस्थामा महिला महिलाबाटै उत्पीडित हुन्छन् र किनारामा पुर्‍याइन्छन् भन्ने तत्वमीमांसाको पुष्टि भएको छ । यहाँ सानीआमा पनि परपीडक पात्रका रूपमा परिचित भएकी छ । यस कथामा अप्रत्यक्ष्य रूपमा उपस्थित मसिनीको दाज्यू पितृसत्तात्मक सामन्तवादी नेपाली समाजको उत्पीडक पात्र हो । पितृसत्ताको आडमा आवाजविहीन महिलालाई यौन शोषण गर्ने दमनकारी पात्रको प्रतिनिधि चरित्र हो । शक्ति र सत्ताको आडमा पुरुषहरू केन्द्रमा रहेको सामन्ती व्यवस्थामा कानुन र नियमले उनीहरूलाई छुन सकेको छैन । जस्तोसुकै कसुरबाट पनि मुक्ति मिलेको देखाएर तत्कालीन नेपाली समाजमा पितृसत्ता हाबी भएको कुरालाई उल्लेख भएको छ । तत्कालीन पञ्चायती शासन व्यवस्थामा मसिनी घर्तिनीजस्ता नारीहरूलाई अनुकूल हुने महिलामैत्री व्यवस्थाको निर्माण हुन नसकेको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ । यस कथाकी मसिनी बिनाकसुर लैङ्गिक उत्पीडन भोग्न बाध्य महिलाहरूकी प्रतिनिधि चरित्र हो भने सानीआमा, जेलकी नाइकेनी र सानीआमाको छोरो परपीडक पात्रका प्रतिनिधि हुन् । यहाँ सानीआमाले आफ्ना छोराको कसुर लुकाउन पितृसत्ताको आडमा मसिनीलाई दोषी ठहर्‍याई जेल चलान गरेकी छ । आर्थिक अभावका कारण सहर पसेकी दोलखाकी मिट्ठु कार्की पनि बिनाकसुर लैङ्गिक उत्पीडन भोग्ने अर्की नारी पात्र रहेको विषय कथाका निम्नलिखित सन्दर्भले पुष्टि गर्दछन् —

के गर्नु र । यसो गरी खाउँ भनी नेपाल पसेकी, चिना–जान्या कोही थिएन यहाँ आइपुगेको दिन बिरामी परेँ । यतिका घरहरू थिए बास कतै पाइएन । राति एउटा पसलको ढिकमा सुतेकी थिएँ बिहान घरपतिहरूले देखिहाले । एकैछिनमा म एउटी बिरामी र दुःख पाकी आइमाईलाई हेर्ने ताँती लागिहाल्यो । पुलिस पनि आयो त्यसपछि यहाँ वेश्या गर्न बसेकी भनी थुनिदियो । एक वर्षपछि छुट्छ भनेको खै तीनवर्ष भइसक्यो छुट्ने पनि होइन कोही छुटाउन आउने पनि होइन । (पृ. (१९०)

प्रस्तुत कथांशले निम्नवर्गीय पात्र मिट्ठु कार्की श्रम गरी आत्मनिर्भर हुने उद्देश्यले सहर पसेकी छ । सहर पुग्दाकै दिन अपरिचित ठाउँमा बिरामी परेकी मिट्ठुले कहीँकतै सहारा नपाएपछि एउटा पसलको ढिकमा सुतेकी छ र बिरामी मिट्ठुलाई पुलिस प्रशासनले सहारा दिनुको सट्टा महिला हुनाकै कारण वेश्याको संज्ञा दिएर जेल चलान गरेको छ ।

आवाजबिहीन मिट्ठु बोल्न सक्दिन र बोले पनि उसको आवाज सत्ताले सुन्दैन, पत्याउँदैन । उसलाई एक वर्षमा छुट्छ भनेको तीन वर्षसम्म पनि जेलमै छे र उसको सजाय अवधि कति हो उसलाई पनि थाहा छैन । त्यसैले मिट्ठु सीमान्तीय पात्र हो र ऊ पनि महिला हुनकै कारण पीडित भएकी छ । महिला बिरामीपर्दा समाजले उसको बिमार देख्दैन, अस्पताल लगी उपचार गर्नुको साटो जेल पुर्‍याउँछ । आर्थिक दुरावस्थाका कारण घर छाडेर सहर पसेकी मिठ्ठु शारीरिक र मानसिक पीडाले बिरामी परी सडकमा पल्टिदा समाजले उसलाई वेश्याको संज्ञा दिएको छ । यस्तो अवस्थामा समस्या पत्ता लगाई उसको उपचार गर्नु पर्नेमा व्यवस्थाले त उसलाई दुई शब्द साहानुभूति पनि दिएको छैन । उसको अवस्थाप्रति समाज रमिते बनेको छ । केन्द्रमा रहेको पितृसत्ताका कारण मिठ्ठुले दमन, शोषण र उत्पीडन भोग्नु परेको छ ।

प्रस्तुत 'प्रतिकूलता' कथामा लैङ्गिक उत्पीडन भोग्ने अर्की पात्र मर्यादा पनि हो । सामन्तवादी पितृसत्तात्मक व्यवस्था क्रुर छ र यस व्यवस्थामा मसिनी, मिट्ठु लगायत जेलभित्र र बाहिरका तमाम स्वस्नीमान्छेहरू अन्याय, अत्याचार र शोषणको मारमा परेका छन् । पितृसत्ताको पर्खालले घेरिएका, च्यापिएका, दबिएका र थिचिएका छन् भन्दै महिला सशक्तीकरणको आवाज बुलन्द गर्ने मर्यादालाई महिलाका आवाज उठाउने महिला भएकै कारण कानुनका ठेकेदारहरूले जेल पुर्‍याएका छन् । यस अवस्थामा उसले आफ्नो अवस्था र सङ्घर्षलाई यसरी व्यक्त गरेकी छ । म आफै बोल्छु, मेरो नाउँ मर्यादा, कति थुनिइन्छु थाहा छैन । बाहिरको संसारमा पनि स्वास्नीमान्छेरूको निम्ति यस्तै एउटा जेल छ, एउटा नर्क छ । त्यसबाट मुक्ति पाउनपर्छ भनी आवाज उठाएकी थिएँ मलाई कानूनका संरक्षकहरूले यस ज्यूँदो नर्कमा धकेलिदिए । (पृ.१९२) मर्यादाको यस अभिव्यक्तिबाट पितृसत्तात्मक नेपाली समाजमा महिलाका सम्पूर्ण अधिकार पुरूषका हातमा पुगेको र महिलाहरू निरीह र अधीनस्थ बनी बाँच्नु परेको सन्दर्भ उल्लेख छ । जेलभित्र जस्तो अधीनस्थको अवस्था छ त्यस्तै बाहिर पनि छ । त्यसैले आवाज उठाउने र शासन सत्ताका विरूद्ध प्रतिरोधको स्वर उठाउने मर्यादालाई जेल पुर्‍याइएको छ । स्वास्नीमान्छेको मुक्ति चाहने स्वास्नीमान्छे हुनाकै कारण उसलाई शासन सत्ताले जेल पुर्‍याएको हो । मर्यादाले जेलभित्रको निरङ्कुश अवस्थाको समेत मूल्याङ्कन गरेकी छ, अन्याय अत्याचार र महिला उत्पीडनका घटनाहरू डायरीमा टिपोट गरेकी छ, उत्पीडित हुनकै कारण प्रतिरोधको आवाज उठाएकी छ । कथामा मर्यादा समाज परिवर्तन गर्न चाहने क्रान्तिकारी महिलाका रूपमा चिनिएकी छ, ऊ प्रतिरोधी चेतना भएकी पात्र हो । मर्यादालाई नारी उत्पीडनका विरूद्ध आवाज उठाउँदा जेल पुर्‍याएको घटनाले तत्कालीन सामन्तवादी पितृसत्तात्मक व्यवस्थामा अन्तर्निहित शोषण, दमन र उत्पीडनलाई अभिव्यञ्जित गरेको छ । यसरी प्रस्तुत कथामा यी तीनै नारीपात्रहरू लिङ्गीय उत्पीडनको सिकार भएका छन् । सामन्तीवादी व्यवस्थामा पुरुष पात्रहरूको अधीनमा रहने र उत्पीडन भोग्ने पात्रका प्रतिनिधि बनेका छन्, बिनाकसुर सजाय भोग्न बाध्य पात्रका प्रतिनिधि बनेका छन् ।

## वर्गीय सीमान्तीयता

वर्गीयताले आर्थिक अवस्थाको निर्धारण गर्छ । यसको पहिचान पैसा, आय र सम्पत्तिले निर्धारण गर्दछ । प्राकृतिक रूपमा सबै मानिस समान भए पनि सामाजिक, सांस्कृतिक, आर्थिक कारणले उनीहरू गरिब र धनी हुन्छन् । समाजमा एकथरी मानिस शोषणका कारण सत्ता, शक्ति र वर्चस्वका दृष्टिले बलशाली भई किनारीकृत वर्गलाई शोषण, दमन र उत्पीडन गर्दछन् भने अर्काथरी मानिस शोषित, दमित र उत्पीडित हुन्छन् । यस्तो अवस्थामा उच्चवर्ग धनी, सम्मानित, शक्तिशाली, सुसंस्कृत भई मालिक बन्छ । यस्तो समाजमा किनारीकृत वर्ग बहिष्करणमा पर्छ र उसले वर्गसङ्घर्षका रूपमा प्रतिरोधी चेतना अभिव्यक्त हुन्छ । यस आधारमा पात्रलाई उच्च

(उत्पीडक) र निम्न (उत्पीडित) गरी दुई वर्गमा वर्गीकरण गरिन्छ । यस कथामा आर्थिक अभाव सहन नसकी सहर पसेकी मिठ्ठु निम्नवर्गीय उत्पीडित पात्र हो । परिश्रम गरी हातमुख जोड्ने सपना बोकेर सहर पसेकी मिठ्ठु जेलबाहिर र जेलभित्र दुबै स्थानमा उत्पीडित छे । जेलभित्र पनि थुनिएर रहेका व्यक्तिहरूको रासनपानीमा समेत ठेकेदारहरूले गिद्देदृष्टि लगाएपछि आर्थिक रूपमा जेलभित्र रहेका ऊलगायत सबै महिलाहरू शोषित छन् । उनीहरूका गाँस काटिएका छन् र जेल व्यवस्थापनका लागि आएको बजेटको दुरूपयोग भएको छ । आर्थिक विपन्नताका कारण उनीहरूलाई छुटाउन आउने मानिस पनि कोही छैन, फलस्वरूप जेलको अनिश्चित समयावधिको सजाय भोग्न बाध्य छन्, निम्नवर्गीय हुनुका कारण कामको खोजीमा हिँडेकी मिठ्ठुलाई बिरामी पर्दा जेल पुर्‍याइएको छ । मिठ्ठुले आफ्नो आर्थिक अभावको विवशतालाई यसरी प्रस्तुत गरेकी छ :

यतिका घरहरू थिए बास कतै पाइएन । राती एउटा पसलको ढिकमा सुतेकी थिएँ, बिहान घरपतिहरूले देखिहाले । एकैछिनमा म एउटी दुःख पाकी आइमाईलाई हेर्न ताँती लाग्यो । पुलिस पनि आयो त्यसपछि यहाँ वेश्या गर्न बसेकी भनी थुनिदियो । एक वर्षपछि छुट्छ भनेको खै तीनवर्ष भैसक्यो छुट्ने होइन कोही छुटाउन आउने पनि होइन (पृ.१९०) ।

उपर्युक्त साक्ष्यमा आएका मिठ्ठुका यी अभिव्यक्तिले उसको आर्थिक दुरावस्थालाई सङ्केत गरेको छ । कामको खोजीमा सहर पसेकी मिठ्ठुले सहर पसेपछि बास पाएकी छैन । सडकको छेउमा पसलको ढिकमा सुतेकी मिठ्ठुको दयनीय अवस्था हेर्न सहरका मानिसको भिड लागेको छ । कामसँगै दाम र मामको खोजीमा सहर पसेकी मिठ्ठुले आर्थिक दुरावस्थाका कारण शासकको पभुत्व र उत्पीडनमा मौन रहेकी छ । आर्थिक दुरावस्थाका कारण किनारामा पुर्‍याइएका मिठ्ठुजस्ता नारीलाई बिना कसुर जेल पुर्‍याइएको छ । एक वर्षपछि छुट्ने भनिए पनि तीनतीन वर्षसम्म छुटेकी छैन । उसलाई पैसाको थैलो बोकेर छुटाउन आउने मानिस पनि कोही छैन । त्यसैले उसको जेल जीवन अनिश्चित छ ।

यस कथामा जेलमै रहे पनि रातो सिफनको जापानी साडी लगाउने नाइकेनी उत्पीडक पात्र हो । महिला भएर पनि महिलाको समस्यालाई बुझन नसक्ने नाइकेनीको स्वर, शब्द र दृष्टिमा क्रुरता लुकेर रहेको छ । जेलको दुर्गन्ध, त्यहाँको अव्यवस्थित व्यवस्थापन, अमानवीय व्यवहार आदिले पनि शोषक वर्गको उत्पीडनलाई सङ्केत गरेका छन् । जेलमा नाइकेनी बाहेकका पात्रहरू उत्पीडित बनेर रहेका छन्,ती पात्र शासनव्यवस्थाका कारण किनारीकृत भई सीमान्तीय हुन पुगेका हुन् ,जसलाई समाख्याताले यसरी प्रस्तुत गरेकी छन् : “जीवनको सबैभन्दाअँध्यारो पक्षबाट सुरुहुन्छ यहाँको बिहानी (पृ.१९१) ।” यस साक्ष्यले जेलको अन्याय, अत्याचार र शोषणलाई प्रतीकात्मक रूपमा सङ्केत गरेको छ । बिहानीले नयाँ उमङ्ग बोकेर आउनु पर्नेमा जेलभित्र सधैँ हिँसा, दुःख, पीडा, अभाव, अमानवीय व्यवहार र सामन्ती शोषकको क्रुरता मात्रै प्राप्तहुने हुनाले शासन र शक्ति हातमा लिनेहरूले सीमान्तीय पात्रलाई सधैँ किनारामै पन्छाएका छन्, सत्तामा हुनेहरूले विभेदको चक्र निरन्तर रूपमा चलाएका छन् र सत्ताको शक्तिले डामेका छन् । प्रस्तुत कथामा तल्लो जात र माथिल्लो जात भनी स्पष्ट रूपमा छुट्याएर जातीय विभेदलाई उल्लेख गरिएको छैन तापनि मसिनी घर्तिनी र मिठ्ठु कार्की क्षेत्री भएकै कारण पनि सीमान्तीकृत भएका छन् । अभिजात्य वर्गमा नपर्ने यी कर्किनी र घर्तिनी पात्र दोहोरो तेहेरो सीमान्तीयतामा परेका छन् ।

## प्रतिकूलता कथामा प्रभुत्व, प्रतिरोध र विचारधारा

समाज गतिशील छ, समाज विकासको सिद्धान्त अनुसार समाजमा शोषक वर्ग र शाषित वर्ग रहेका हुन्छन् । सामन्तवादी समाज व्यवस्थामा शासक वर्गले अधीनस्थ वर्गमाथि आफ्नो प्रभुत्व कायम गरेको हुन्छ तर यो स्थिर हुँदैन । प्रभुत्वको अवधारण भन्नु नै दमनकारी शक्तिसम्बन्ध र संरचनालाई बैधता दिई अस्थायी रूपमा सत्ताले अधीन सामाजिक सम्रचनासँग गर्ने सम्झौता हो (बार्कर, सन्२००२, पृ.५८) । सांस्कृतिक प्रभुत्वले सामाजिक संरचनामा सत्ता र अधीनस्थ सम्बन्धमा केन्द्रित रहने प्रभुत्व मूलतः विचारधारात्मक शक्तिसम्बन्धको क्षेत्र हो । प्रभुत्व अधीनस्थ वर्गमाथि दबाब र सहमतीका माध्यमबाट सामाजिक र सांस्कृतिक अधिकार स्थापित गर्ने माध्यम हो जुन समाज र संस्कृतिको लामो अभ्यासबाट निर्माण हुने गर्दछ (ग्राम्सी,सन् १९७१, पृ.३४२) समाजको निर्माण एकै जाति, वर्ग, लिङ्ग, रङ्गका मानिसबाट सम्भव हुँदैन । त्यसैले यो सामाजिक सम्रचनामा केन्द्रित भई केन्द्र र किनाराका बीचको विचारधारात्मक शक्तिसम्बन्धलाई निरूपण गर्ने मानक हो । यस कथामा सामन्तवादी शासन व्यवस्थाको चित्रण गरिएको हुनाले दबाबबाटै प्रभुत्वको स्थापना भएको छ । ग्राम्चीका अनुसार प्रभुत्व दबाबद्धारा अझ बढी सहमतिद्वारा आर्जन गरिन्छ । विचार, अर्थ र अभ्यासहरूमा प्रभुत्वलाई बुझ्न सकिन्छ

प्रस्तुत कथामा मसिनी घर्तिनी, मिठ्ठु कार्की र मर्यादा यी तीनैजना पितृसत्ताको दवाबका कारण जेल पुर्‍याईएका छन्, शारीरिक सम्बन्धको दोष स्त्रीपुरूष दुबैलाई हुनुपर्नेमा कथामा नारी हुनाकै कारण सम्पूर्ण दोष मसिनीमाथि थुपारिएको छ । मिठ्ठुलाई कपोलकल्पित वेश्याको आरोप लगाई जेल पुर्‍याइको छ । सामन्ती व्यवस्थाको विरोध गर्ने प्रतिरोधका भावना भएकी मर्यादालाई पनि शासन सत्ताको विरोध गरेको आरोपमा जेल पुर्‍याइएको छ । यसरी कथामा तत्कालीन नेपाली समाजमा शोषक वर्गले सत्ता र शक्तिको आडमा दबाबद्धारा प्रभुत्व कायम गरेको छ, केन्द्रमा रहको शक्तिले किनारामा रहको शक्तिलाई अधीनस्थ गरेको छ । पितृसत्ताका कारण मसिनीलाई बलत्कार गर्ने पुरूष पात्रले प्रभुत्व जमाएको छ । जेलमा काम गर्ने ठेकेदार, नाइकेनी लगायत बिरामी मिठ्ठुलाई जेल चलान गर्ने प्रशासक, प्रहरी सबै शासनसत्ता हातमा लिएका उच्चवर्गीय पात्रले प्रभुत्व जमाएका छन् । कथाको अन्त्यतिर महिला अधिकृत जेलको निरीक्षण गर्न आउँदा नाइकेनीले त्यहाँ रहेका महिलाका अपराधलाई व्यक्त गर्ने क्रममा अपव्याख्या गरी यसरी प्रभुत्व जमाएकी छ : नाइकेनी पूरा गला खोलेर घोषणा गर्छे “यिनको अपराध ?” “गर्भ तुहाएकी, एकवर्ष भयो अब छुट्छे” ...“आफैले जन्माएको नानीको घाँटी निमोठेर मारेको ...जन्म कैद,” “यो वेश्या काम गरी हिड्ने... तीनवर्ष भयो ।” “यसले मान्छेको मासु खाएकी ...जन्म कैद, अझसम्म बहुलाएकी पनि छैन ।“यो आफ्नै दाज्यूसँग सल्केकी ... दश वर्ष कैद ।”(पृ.१९२) यस साक्ष्यले नाइकेनीले जेलमा रहेका माहलामाथि जमाएको प्रभुत्वलाई पुष्टि गरेको छ । नाइकेनी आफू पनि कसुरमा थुनामा रहेकी छ तर उसले आफ्नो कसुर बिर्सेकी छ । उसले आफूजस्तै थुनामा रहेका महिलाका वास्तविक यथार्थभन्दा पर पुगेर अपराधको व्याख्यागर्दा गर्वको महसुस गरेकी छ । त्यहाँ रहेका महिलाहरूलाई अपमानित ढङ्गले हेर्छे, तिरष्कार गर्छे, मसिनीजस्ता महिलालाई घृणा गर्छे । जेलका साथीहरूसँग सत्यतथ्य नबुझी अपराधी घोषणा गर्छे । जेलभित्रको उसको रवाफ र उसका अभिव्यक्तिले अन्य पात्रमाथि पनि प्रभुत्व जमाएको पुष्टि गरेको छ ।

प्रस्तुत कथामा प्रतिरोधको अवस्था परिणाममुखी हुन नसके पनि अधीनस्थ पात्र मर्यादाले सत्ता र शक्तिका आधारमा गरिएका भेदलाई जेलभित्रै डायरीमा लिपिबद्ध गरेकी छ र परम्परित बुद्धिजीवीका रूपमा उपस्थित महिला अधिकृतसँग निर्धक्कसँग आफ्नो परिचय दिएकी छ, जेल पर्नुको कारण समेत निर्धक्क भएर भनेकी छ :

म आफैं बोल्छु , मेरो नाउँ मर्यादा ,कति थुनिइन्छु थाहा छैन । बाहिरको संसारमा पनि स्वास्नीमान्छेहरूका निम्ति यस्तै एउटा जेल छ, एउटा नर्क छ । त्यसबाट मुक्ति पाउनु पर्छ भनी आवाज उठाएकी थिएँ, मलाई कानुनका संरक्षकहरूले यस ज्यूदो नर्कमा धकेलिदिए । (पृ.१९२) यस साक्ष्यले मर्यादामा अन्तर्निहित प्रतिरोधी चेतनालाई अभिव्यञ्जित गरेको छ । अरू कैदीहरू व्यवस्थाले गरेको अन्याय, अत्याचार, शोषणप्रति मौन रहेका छन्, वाचाल हुन सकेका छैनन् तर मर्यादाले आफू जेल पर्नाको कारणसमेत निर्भीक रूपमा व्यक्त गरेकी छ । आफ्नो परिचय दिएकी छ । महिलाहरूलाई जेलबाहिर पनि यस्तै जेल छ त्यसबाट मुक्ति दिलाउनुपर्छ भन्ने आवाज निकाल्दा, महिलामाथि हुने अन्यायको विरोध गर्दा जेल परेको घटनालाई सार्वजनिक गरेकी छ । तत्कालीन परिवेशमा यस किसिमको अभिव्यक्ति प्रस्तुत गर्नुले राज्यका संरक्षक, प्रशासक, नीतिनिर्माता सबै निकाय सबाल्टर्न विरोधी रहेको पुष्टि गरेकी छ । यहाँ ऊ जैविक बुद्धिजीवीका रूपमा स्थापित भएकी छ ।

सांस्कृतिक अध्ययनको सन्दर्भमा सांस्कृतिक शक्तिको प्राप्ति र रक्षाका लागि गरिने सङ्घर्ष प्रतिरोध हो । सांस्कृतिक अध्येता फुकोले शक्तिसम्बन्धी अवधारणा प्रस्तुत गर्ने क्रममा प्रतिरोधका विषयमा समेत

आफ्नो धारणा प्रकट गरेका छन् । उनी शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई सँगसँगै हेरिनु पर्ने विचारलाई प्रस्तुत गर्ने क्रममा भन्छन् : "जहाँ शक्तिको अभ्यास देखा पर्दछ, त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ । त्यसैले शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई छुट्टाछुट्टै नभएर एउटै प्रक्रिmयाका दुई भागको रूपमा हेरिनुपर्दछ" (उप्रेती, २०६९, पृ.४१) । जुन समाजमा शक्तिको अभ्यास हुन्छ, त्यहाँ स्वभावैले दमित वा अधीनस्थ संस्कृतिको जन्म हुन्छ र समुदायमा शक्तिको अधिक रूपमा प्रयोग हुँदै गएपछि अधीनस्थ समुदाय प्रभुत्वशाली शक्तिको प्रतिकारमा उत्रन्छ । शक्तिको अभ्यास र त्यसको प्रतिरोधका विषयमा उनी थप प्रस्टपार्दै भन्छन् : "शक्ति एउटै बाटोबाट सधैँ एकनासले अघि बढ्दैन, यो समय, स्थान र परिस्थिति अनुरूप परिवर्तित हुन्छ । यही क्रममा सत्य र ज्ञान पनि परिवर्तन हुन्छ । यस अवस्थामा शक्तिशाली शासक र यसको विरोधी शक्ति बिच टकराव हुन्छ" (श्रेष्ठ, २०६८, पृ.३३) । यसरी प्रभुत्वशाली दमक संस्कृतिले शक्तिको अभ्यास गर्दा त्यहाँ उत्पीडनमा परेको परिधीय संस्कृतिले प्रतिरोध गर्दछ भनेर फुकोले शक्ति र प्रतिरोध बीचको सम्बन्धलाई प्रस्ट पारेका छन् । यसरी शक्तिशाली वर्गले स्थापना गरेको भाष्य सधै मान्य हुँदैन । ग्राम्चीका अनुसार शोषक वर्ग कठोर हुँदै जाँदा शाषित वर्गबाट पनि स्वतन्त्र हुने लहर उठ्न थाल्छ र विरोध र विद्रोह सुरू हुन्छ, यसैलाई प्रतिरोध भनिन्छ ।सन्दर्भमा यस कथामा शोषित पात्र मर्यादाले प्रतिरोधको भावना डायरीमा लिपिबद्ध गरेकी छ । ऊ सचेत र प्रबुद्ध हुनकै कारण जेल पुगेकी हो, त्यसैले यस कथामा आरम्भदेखि नै प्रतिरोधी भावनाहरू मर्यादाका माध्यमबाट अभिव्यक्त भएका छन् । सीमान्तीय पात्र मिठ्ठु र मसिनीले भने प्रतिरोधको भावना जागृत गर्न सकेका छैनन् । अपराधकौ परिभाषा नजान्ने नाइकेनी जस्ता नारीहरूलाई सामन्तवादी शासनव्यवस्थाले जेलमै क्रुर हुन सिकाएको कुरालाई यसरी व्यक्त भएको छ :

यो स्वास्नी मान्छे यहाँ यति निर्दयी भित्रिएकी थिइन, यसका शब्दहरू यति विषालु पक्कै थिएनन् । यस नकरात्मकता र प्रतिकूलताको ओडारभित्र जे बोलिन्छ त्यही ठोकिएर आउँछ, खोइ नौलो प्रतिध्वनि ? कसरी हुर्काउने सदासयता, सद्भावना यस क्रूरता, असम्झौता, जुगुप्सा, विकार र अमानवीयताहरूको खातामा ? कुनकुनामा जन्माउने हो प्रतिशोधको भावनासम्म पनि ? यो ज्यूँदो नर्क हो । (पृ. १८८)

कसुर गरेरै जेल परेकी नाइकेनीले मसिनी घर्तिनीलाई क्रुर शब्दप्रयोग गरी अपमान गर्नु पितृसत्तात्मक वैचारिकीलाई स्वीकार गर्नु हो, पितृसत्ताको हतियार र मतियार बन्नु हो, सत्ताकै अभ्यन्तरीकरण गर्नु हो भन्ने कुरालाई मर्यादाले प्रतिरोधको रूपमा डायरीमा उल्लेख गरेकी छ । उत्पीडितले नै उत्पीडन नबुझेपछि प्रतिशोधको भावना सिर्जना गर्न गाह्रो भएको यथार्थलाई यहाँ उल्लेख छ । जेलभित्रको भ्रष्टता र नाफाखोरी प्रवृतिलाई प्रतिरोधको रूपमामर्यादाले यसरी व्यक्त गरेकी छ ।

ठेकेदारले कति बिग्न नाफा खाएको हो ? छि :छि : यस्ता निरीह र विवश प्राणीहरूको सुद्ध गाँस खोसेर खानसक्ने, बौलाहीहरूको गाँस खोसेर खान सक्ने, खै यातना शिविर यी भ्रष्टचारीको निम्ति ? अझ कहिले बन्छ यस्तो यातना शिविर, जहाँ हामी यी भ्रष्टचारीहरूलाई पाल्ने मूल-मूल नाइकेहरूलाई प्रश्चाताप र मृत्युको बीचमा झुण्डिरहेको हेर्न सकौँ । ( पृ. १९०–९१)

यस साक्ष्यमा जेलका निरीह कैदीको गाँस, बासबाट फाइदा उठाउने ठेकेदारलाई सामन्ती शासनले प्रोत्सान दिएको र निरपराधी सीमान्तीयलाई यातना दिइएको छ, सजायको भागिदार बनाइएको छ तर वास्तविक रूपमा दोषी देखिएका भ्रष्टहरूलाई प्रोत्साहन दिइएकोमा तिनका विरूद्ध यातना शिविर बन्नुपर्छ, ती भ्रष्ट प्रशासक र तिनका मतियार ठेकेदारलाई पाल्ने नाइकेहरूलाई पहिचान गरी पश्चाताप र मृत्युको बीचमा झुण्डिएको देख्न पाउनुपर्छ भन्ने प्रतिरोधी चेतना अभिव्यञ्जित भएको छ । यसरी श्रष्टाकी मुखपात्रका रूपमा उपस्थित मर्यादाले यस कथामा जैविक बुद्धिजीवीका रूपमा रहेर प्रतिशोधको भावना सशक्त रूपमा व्यक्त गरेकी छ । यसै सन्दर्भमा प्रतिरोधी चेतना भएकी सीमान्तीय पात्र मर्यादाले आफूजस्तै सीमान्तीय पात्र मसिनीको भविष्यका बारेमा यसरी चिन्ता व्यक्त गर्दै सामन्तलाई सजाय दिनुपर्छ भन्ने प्रतिरोधी भावलाई यसरी व्यक्त गरेकी छ : "यहाँ आएर बस्नुपर्छ महलहरूभित्र अपराध गर्ने अभिजात अनुहारहरू । कहाँ जान्छे त्यो घर्तिनी मसिनी दस वर्षपछि, यत्रो जघन्य अपराधको टीका लगाएकी । न घर छ न समाज ......।" (पृ. १९१) यस साक्ष्यमा सामन्ती संस्कारका कारण बोल्न नसक्ने र इतिहासमा नाम नलेखिने मसिनीजस्ता अबोध नारीलाई दण्ड सजाय भोग्न बाध्य बनाउने नारीको पक्षमा विचार अभिव्यक्त भएको छ । महलभित्र अपराध गरी चोखा बन्ने अभिजात वर्गका कसुरदार व्यक्तिहरूलाई जेल चलानको माग भएको छ । अपराधीले प्रश्रय पाएको र निरपराधी जेलको कोठरीमा शारीरिक तथा मानसिक उत्पीडन भोगेर बाँच्नु परेकोमा र पहिचानहीन भएर रहनु परेकोमा सीमान्तीय वर्गप्रति सहानुभूति व्यक्त भएको छ । उत्पीडकलाई जेल चलान गर्नुपर्ने शासनव्यवस्था निर्माण हुनु पर्ने र सबै पात्रको अनुकूल हुने कानुन बन्नु पर्ने भाव व्यक्त भएको छ । अतः यस कथाकी सीमान्तीय पात्र मर्यादा प्रतिरोधको भावलाई सशक्त रूपमा व्यक्त गर्ने पात्र हो । उसले आवाज निकाल्ने ठाउँमा आवाज निकालेकी छ भने आवाज निकाल्न नसक्ने परिस्थितिमा डायरीका माध्यमबाट उत्पीडित वर्गमाथि भएको हिंसा, शोषण, दमन र उत्पीडनप्रति विरोध जनाएकी छ ।

विचारधारा ग्रीसेली ज्ञानमीमांसासँग जोडिएर विकसित भएको दर्शन हो । यो आधुनिक सामाजिक दर्शनका रूपमा विकसित भई समाज सञ्चालनको महत्त्वपूर्ण आधार बनेको छ । अठारौं शताब्दीमा युरोपमा राजनीतिक कानुनी, सौन्दर्यात्मक, धार्मिक, विचारहरूको प्रणाली एवम् दर्शनमा रूपमा स्थापित विचारधाराको विस्तृत चर्चा वैज्ञानिक समाजवादका प्रणेता कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सले गरेका हुन् (गिरी, २०७०, पृ.३०) । सामाजिक संरचनामा विचारधाराको स्वायत्तता आधार र उपरिसंरचनालाई जोड्ने हो । यसले संस्कृतिका माध्यमबाट उत्पादन पद्धति मानिने आधारलाई गतिशील तुल्याउँछ । एकअर्कामा भिन्न रहेपनि परस्परमा अन्तरसम्बन्धित अवधारणा संयोजनका रूपमा विचारधाराले सामाजिक संरचनालाई निर्देशित गर्दछ । (आल्थुसर, सन् १९७०, पृ.७) यो राजनीतिक विषय भएकाले यसको प्रभाव राजनीतिक तहबाट सामाजिक संरचनाका सबै तहमा पर्ने गर्दछ ।

क़प्रस्तुत कथामा कथाकारले मर्यादाका माध्यमबाट आफ्ना सबाल्टर्नमैत्री विचारधारा व्यक्त गरेकी छन् । कथाको आरम्भदेखि नै कथाकी समाख्याता सबाल्टर्नमैत्री देखिएकी छन् । यो कथा मूलतः नारी समवेदना र अनुभूतिलाई केन्द्रमा राखेर सिर्जना भएको महिलामैत्री तथा सीमान्तीय वर्गको पक्षमा वकालत भएको कथा हो । पारिजातको कथालेखनको उत्तरार्द्ध चरणको सीमान्तीय पात्रको प्रयोग गरी समाजवादी यथार्थलाई आत्मसात भएको उत्कृष्ट कथा हो । कथामा पात्रहरू मसिनी घर्तिनी, मिठ्ठु कार्की, मर्यादा र मानसिक अवस्था बिग्रिएकी आइमाई सीमान्तीकृत छन्, किनारामा पुर्‍याइएका छन्,पहिचानविहीन बनाइएका छन् । यी निम्न वर्ग र महिला हुनुकै कारण किनारामा पुर्‍याइएका मसिनी, मिठ्ठु र मर्यादाहरूप्रति समाख्याताको सहानुभूति रहेको छ । प्रस्तुत कथामा समाख्याताले आफ्ना लेखकीय विचार सीमान्त पात्र मर्यादाका माध्यमबाट अभिव्यक्त गर्दै सीमान्त वर्गले आफ्नो मुक्ति र अधिकारको निम्ति आवाज उठाउनुपर्ने धारणा व्यक्त गरेकी छन् । नारी भएकै कारण लैङ्गिक विभेदमा परेका र शासन सत्ताले शक्ति र सत्ताका भरमा प्रभुत्व जमाएका यी पात्रहरूलाई बाचाल बन्ने प्रेरणा मर्यादाका माध्यमबाट भएको छ । मसिनी र मिठ्ठुले अपराधको टीका लगाइएका नारीहरूको अस्तित्व, पहिचान र उनीहरूको भविष्यमाथि प्रश्न चिन्ह खडा गरेका छन् । यी पात्रहरू समाज र आफ्नो घरमा कुन स्थानमा रहन्छन् भन्ने जिज्ञासाले पनि लेखकीय विचारधारा सीमान्तीय पात्रको पक्षमा छ भन्ने कुरा स्पष्ट हुन्छ । सामन्ती शासन व्यवस्थाको मूल्यमान्यताले जेलबाहिर पनि महिलालाई बिना कसुर सजायभोग्न बाध्य बनाउने र जेलभित्रका अनेक विकृति तथा विसङ्गतिका कारण अपराधका घटनाहरू घट्नुले महिलाहरू धेरै तिरबाट शोषणको जालोमा परेका छन्, बोल्न नसक्ने अवस्थामा छन् तिनको मुक्तिका आवाज उठाउने मर्यादाजस्ता महिलाहरूको सङ्ख्या वृद्धि भएमा किनारीकृत पात्रहरू केन्द्रमा आउन सक्छन् भन्ने दृष्टिकोण अभिव्यक्त भएको छ । सीमान्त वर्गको प्रतिनिधित्व गर्ने मर्यादालाई लेखकले आफ्ना विचारधारा अभिव्यक्त गर्ने मुखपात्र बनाएर सीमान्तीकृत पात्रहरूको अडिने आधार र उभिने स्थानको खोजी गरेकी छन् र उनले पहिचान र अस्तित्वको प्रश्न यसरी उठाएकी छन् : "कहाँ जान्छे त्यो घर्तिनीमसिनी

दस वर्ष पछि यस्तो जघन्य अपराधको टीका लगाएकी । न घर छ न समाज ...।" ( पृ. १९१) यसरी प्रस्तुत कथामा कथाकारले सीमान्त वर्गको पक्षमा आफ्नो आवाज बुलन्द गराउँदै सीमान्तीय वर्गलाई बोल्न लगाएर आफ्नो पहिचान र अस्तित्वको खोजी आफैँ गर्नुपर्ने सीमान्तमैत्री विचारधारा व्यक्त गरेकी छन् ।

## निष्कर्ष

प्रस्तुत कथा पूर्णत : सीमान्तीय विषय, पात्र, सामाजिक संरचना, विचारधारा र सीमान्तमैत्री कथ्यको प्रस्तुति भएको रचना हो । कथामा लिङ्गीय, वर्गीय, जातीय सबै दृष्टिले शोषित, पीडित, अपहेलित भई केन्द्रबाट किनारामा पुर्‍याइएका मसिनी, मिठ्ठु र मर्यादाजस्ता नारीले सीमान्तीय नारीको प्रतिनिधित्व गरेका छन् । मसिनी र मिठ्ठु आवाजहीन सीमान्तीय पात्र हुन् भने मर्यादा आवाजसहितकी सीमान्तीय पात्र हो । उसले निर्भीक भएर सामन्ती शासनको प्रतिरोध गरेकी छ, परम्परित बुद्धिजीवीका रूपमा जेल निरीक्षण गर्न आएकी अधिकृतसँग आफ्ना कुरा राखेकी छ । जेल निरीक्षण गर्न आएकी अधिकृतले कथाको अन्त्यमा अपराधी महिलाको मुखमा हेरी मनमनै जेललाई जिउँदो नर्कको रूपमा स्वीकार्नु पनि अप्रत्यक्ष रूपमा सीमान्तीय पात्रहरूकै पक्षमा समर्थन गर्नु हो । कथामा महिला जेलको दारूण अवस्थाको चित्रण छ । यहाँ महिला बन्दीहरूले नारकीय जीवन व्यतित गरेका छन् । नाइकेनीजस्ता कतिपय पात्र जेलभित्रै उत्पीडक,अपराधी र परपीडक बनेका छन् भने मसिनी, मिठ्ठुजस्ता पात्र उत्पीडित बनेका छन् । यी नारी पात्रहरू सिमान्तीकृत र शक्तिहीन बन्दै गएका छन् भने मर्यादाले यी निरीह पात्रहरूका गाँस काटेर भ्रष्टचार गर्ने व्यवस्थापकीय पक्षमा देखिएको कमीकमजोरीलाई व्यङ्ग्य गर्दै घृणा र आक्रोशको भाव व्यक्त गरेकी छ । नाइकेनीको परपीडक प्रवृति र जेल निरीक्षणको औपचारिकताप्रति प्रतिरोधको भाव व्यक्त गर्ने सीमान्तीय पात्र मर्यादा ज्ञान र शक्ति आर्जन गर्ने प्रयासतर्फ उन्मुख भएको सङ्केत पनि कथामा भएको छ । कथाको आरम्भदेखि नै अभिव्यक्त भएका मर्यादाका अभिव्यक्तिले पितृसत्ताका विरूद्धका प्रतिरोधी भाव अभिव्यञ्जित गरेका छन् । यसरी समाख्याताले सबाल्टर्न पात्रलाई बोल्न लगाएर उसलाई शक्तिशाली बनाउन खोजेकी छन् । कथामा सामन्ती शासन व्यवस्थाले दबाब सिर्जना गरी आफ्नो प्रभुत्व कायम गरेको छ र निरीह महिलाहरूलाई जेल चलान गरेको छ तापनि लेखकीय विचारधाराका माध्यमबाट सीमान्तीय पात्रहरूको पक्षमा भाव अभिव्यञ्जित भएको छ । अतः यो कथा सीमान्तीय अध्ययनका दृष्टिले सफल र सबल रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, ज्ञानु (२०७५).'सडक र प्रतिभा कथासङ्ग्रहका कथामा विसङ्गतिबोध', भृकुटी, पूर्णाङ्क २२, पृ. ३७९–३८७ । ।

उप्रेती, सञ्जीव (२०६९). सिद्धान्तका कुरा,(चौथो संस्क.), अक्षर क्रियसन नेपाल ।

गिरी, अमर (२०७०) .'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा', भृकुटी, भाग १९, पृ. १६-४६ ।

पाण्डेय, ताराकान्त (२०७३). मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र, साझा प्रकाशन । नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, ५०६-५१५ ।

पारिजात (२०७३). पारिजातका सङ्कलित रचनाहरू फिनिक्स बुक्स ।

बराल, ऋषिराज (२०७३). मार्क्सवाद र सबाल्टर्न अध्ययन, साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७). आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण भुँडीपुराण प्रकाशन ।

लुइटेल, गोविन्द (२०७५). 'पारिजातका कथामा समाख्याता' भृकुटी, पूर्णाङ्क २२, पृ. ७१–८९ ।

शर्मा, मोहनराज (२०५५). समकालीन समालोचना सिद्धान्त र प्रयोग नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०७०). 'अवरजन अध्ययन र साहित्य', भृकुटी, पूर्णाङ्क १९, पृ. ३१४–३२६ ।

शर्मा, सुकुम (२०७५). पारिजातको साहित्यिक जीवनी. भृकुटी, पूर्णाङ्क २२, पृ. ३१२–३२४ ।

शर्मा, हरिप्रसाद (२०६७). कथाको सिद्धान्त र विवेचना. साझा प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०६८). शक्ति, श्रष्टा र सबाल्टर्न. डिस्कोर्स पब्लिकेसन ।

श्रेष्ठ, दयाराम ( २०७० ). नेपाली कथा र कथाकार. नेपाल प्रज्ञा–प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (सम्पा.) (२०६८). नेपाली कथा भाग ४, साझा प्रकाशन ।

सुब्बा, मनप्रसाद र रेमिका थापा (सम्पा.) (सन् २०११) किनारा विमर्श, गामा प्रकाशन ।

सुबेदी, राजेन्द्र (२०७३). सांस्कृतिक अध्ययन र नेपाली साहित्य, पाठ्यसामग्री प्रकाशन । ।

Barker,C.(2002). *Making senseof cultural study*.Sage publication.

Gramsci, A. (1971). *Selections from the prison notebook*. (eds.) Q.Hhoare G. Nowell smith, Lawrence Wishart.

Guha, Ranajit ( 1997).*A Subaltern Studies Reader*. University of Minnesota Press.

Mannathukkaren, Nissim ( 2022 ). *Communism, Subalturn Studies and Postcolonial Theory*. Routledge.